नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ९ गते २०२० साल

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएको संशोधनहरू सहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

वन संरक्षण ऐन, २०१४ अन्तर्गत पूर्व १ नम्बर विशेष अदालतमा दायर भएका निम्न-लिखित वन सम्बन्धी मुद्दाहरूको मिसिलहरू उक्त अदालतबाट झिकी हेरी कारवाई किनारा लगाउन काठमाडौं विशेष अदालतमा सुम्पिएको छ ।

वादी पू. १ नं. का. प. इ. ढुंखर्क पाखुरेडाँडा बस्ने जगतबहादुर खत्रीसमेतको र प्रत्यवादी ऐ. बारबिबे बस्ने मु. बालकृष्ण जैसीसमेतको वन जङ्गलको रूख काटी जग्गा अवाद गरे भन्ने मुद्दा – – – – १

वादी चि. इ. रूपा उखुबारी बस्ने अम्बरबहादुर कठेत क्षेत्रीको र प्रत्यवादी ऐ बस्ने तालुकदार हर्कबहादुर कठेत क्षेत्रीको वन जङ्गलको रूख काटी जग्गा अवाद गरे भन्ने मुद्दा – – – – – १

वादी पू. १ नं. का. प. इ. ढुंखर्क मापाले बस्ने दुर्गाबहादुर खत्रीको र प्रत्यवादी ऐ. ढुंखर्क बारबिबे बमार गाउँ बस्ने मनिकन्ठ जैसीको रूख काटी जग्गा अवाद गरे भन्ने मुद्दा – – – – १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वादी पूर्व १ नं. जिल्ले मौजे कोलबारी बस्ने दनबहादुर गुरुङसमेतको र प्रत्य-
वादी ऐ. सि. पा. इ. थुं. लिस्तो मौजे बालस गाउँ बस्ने बुद्धसिं तामाङसमेतको
रूखकाटी वन फांडचो भन्ने मुद्दा – – – – १

आज्ञाले–
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।